मोहन्याल गाउँपालिका

**खिमडी, कैलाली**

**७ नं प्रदेश, नेपाल**

# *अतिविपन्न व्यक्तिहरुलाई उपचार तथा अन्य सहायता सम्वन्धि कार्यक्रम*

मोहन्याल गाउंपालिका

खिमडी, कैलाली

७ नं प्रदेश, नेपाल

## प्रस्तावना

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । यो सित जनताका नियमित समस्या समाधान तथा आकस्किम संकट सामाधानको आशा रहेको हुन्छ । मोहन्याल गाउंपालिकाको अधिकतम जनताहरु गरिविको रेखामुनि रहेका छन् । सुत्केरी महिला, सडक दुर्घटना लगायत आकस्मिक घटनाहरुवाट स्थानीय स्तरमा उपचार हुन नसकि ज्यान गुमाउनुपर्न अवस्था रहेको छ । यसरी अति विपन्न अवस्थामा रहेका व्यत्तिहरुको उपचार सहायताको माध्यमवाट मोहन्याल वासिहरुको लागि केहि राहत र नेपालको संविधानले नागरिकको स्वास्थ्य सम्वन्धि हक लाई सुनिश्चत गर्नमा टेवा समेत पुगाउन सहयोग शिद्ध हुनेछ ।

### कार्यक्रमवाट लाभान्वित समूह :

यस कार्यक्रमवाट अतिविपन्न देहाय अवस्थामा रहेका मोहन्याल वासिहरु लाभान्वित हुनेछन्

- सडक दुर्घटना परि स्थानीय स्वस्थ्य संस्थामा उपचार हुन नसक्ने । **उपचार खर्च ।**
- स्थानीय स्वस्थ्य संस्थामा उपचार हुन नसक्ने गर्भवति महिला । **उपचार खर्च ।**
- शररिक रुपमा जन्मजात समस्याग्रस्त शिशु जसको यस मोहन्याल गाउंपालिका भित्रका स्वस्थ्य संस्थामा उपचार सम्भव छैन । **उपचार खर्च ।**
- आगोवाट पोलिएका, एसिड आकर्मणमा परेका वा यस्तै समस्यावाट ग्रसित व्यत्तिहरु ।
  **औसधि उपचार तथा जिविकोपार्जन खर्च**
- विभिन्न हिंसाजन्य गतिविधिहरुवाट प्रभावित व्यत्तिहरु । **जिविकोपार्जन राहत**

### सहायता प्राप्त गर्ने कार्यविधि तथा रकम

**कार्यविधि :**

- **औसधि उपचार सहयोगका लागि :** १. विपन्न अवस्था रहेको वारे वडावाट सिफारिस ।
  २. स्थानीय स्वास्थ्य संस्थावाट स्थानीय वाट उपचार हुन नसक्ने व्यवहोरा सिफारिस ।
  ३. निवेदन सहित गाउंपालिका अध्यक्ष समक्ष पेश ।

४. गाउंपालिका अध्यक्ष वाट सहायता रकम खुलाई प्रमुख प्रशासकीय अधिकृत लाई तोक आदेश । रु २००० देखि १०००० सम्म ।

- जिविकोपार्जन **सहायता :**

१. विपन्न अवस्था रहेको वारे वडावाट सिफारिस ।

२. समस्या विस्तृत रुपमा खुल्नेगरी आवस्यक प्रमाण सहितको गाउंपालिका अध्यक्ष समक्ष निवेदन पेश ।

३. ४. गाउंपालिका अध्यक्ष वाट सहायता रकम खुलाई प्रमुख प्रशासकीय अधिकृत लाई तोक आदेश । रु २००० देखि १०००० सम्म ।

## सहायता रकम

- औसधि उपचार र जिविकोपार्जन सहायता रकम अवस्था हेरी रु २००० देखि रु २०००० सम्म हूनेछ ।

**तर रु १०००० भन्दा माथि को सहायताको लागि** कार्यपालिकावाट **निर्णय आवस्यक हुनेछ ।**

## कार्यक्रमको **कूल रकम**

यस कार्यक्रमको कूल वजेट रु ७,००,०००। हुनेछ । जसमा अनुमानित तपशिल संख्यामा व्यत्तिहरु लाभग्राहि हुनेछन् ।

रु २००० रकम सहायता प्राप्त गर्ने संख्या ५० जना = ५० * २००० =१००००००

रु ५००० रकम सहायता प्राप्त गर्ने संख्या ४० जना = ४०*५००० =२०००००

रु १०००० रकम सहायता प्राप्त गर्ने संख्या २० जना = २०*१०००० =२०००००

रु २०००० रकम सहायता प्राप्त गर्ने संख्या १० जना = १० *२०००० =२०००००

जम्मा रु ७०००००।-

## सहकार्य गर्न सकिने

यस कार्यालयमा आवद्ध हुन चाहने व्यत्ति तथा संस्थाहरुसित सहकार्य गरी कार्यक्रम थप गर्न सकिने ।